स्वास्थ्य कार्यालय, प्यूठानको

# जनस्वास्थ्य

मासिक समाचारपत्र

अंक २३, वर्ष १, २०८२ साउन ७, ने. सं. ११४५ दिल्लागा, बुधवार

## यस अंकका मुख्य विषयवस्तुहरु

१) स्वास्थ्य संस्थाहरुको Geo-Location अध्यावधिक गर्ने कार्य सम्पन्न।

२) स्वास्थ्य चौकीहरुको न्यूनतम सेवा मापदण्ड सम्बन्धी समिक्षा तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न।


३) कुकुरको टोकाईबाट बच्ने उपाय वारेको जानकारी

४) आपतकालिन अवस्थामा पोषण प्रतिकार्य तथा पुनर्लाभ सम्बन्धी क्षमता अभिबृद्धि तालिम सम्पन्न

५) स्तनपान परामर्शकर्ताका लागि तालिम सम्पन्न

## स्वास्थ्य संस्थाहरुको Geo-Location अध्यावधिक गर्ने कार्य सम्पन्न

स्वास्थ्य निर्देशनालय, लुम्बिनी प्रदेश तथा स्वास्थ्य कार्यालय, प्यूठानको समन्वएमा जिल्लामा रहेक नौवटै स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाहरु, लुम्बिनी प्रदेश सरकार मातहतको प्यूठान अस्पताल र निजी स्वास्थ्य संस्थाहरु मध्ये विजुवारमा रहेको निमतारा पोलिक्लिनिक को Geo-Location पत्ता लगाउने कार्य सम्पन्न गरिएको छ। Kobo Collect मोवाईल एप्लिकेशन मार्फत सवै स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुले आआफ्नै स्मार्ट मोवाईल बाट उक्त विवरण अध्यावधिक गर्नुभएको थियो। Geo-Location का साथै संस्थामा कम्प्यूटर/ल्यापटप, इन्टरनेट, कम्प्यूटर/ल्यापटपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली सम्वन्धी तथ्याङ्क DHIS-2 software




मा प्रविष्ट गर्ने व्यवस्था भए नभएको लगाएतका विवरण अध्यावधिक गरिएको छ । यसरी अध्यावधिक गरिएका स्वास्थ्य संस्थाहरुको Geo-Location लगाएतका विवरणहरु लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय मातहतको स्वास्थ्य निर्देशनालय , राप्ती उपत्याका (देउखुरी) को Website: https://hd.lumbini.gov.np/ मा हेर्न सकिनेछ। यसमार्फत हालसम्म जिल्लाका ७२ वटा स्वास्थ्य संस्थाहरुको विवरण अध्यावधिक भएकाले उक्त Website को DASHBOARD मेनुमा गएर आवश्यक विवरण प्राप्त गर्न सकिनेछ। यसबाट प्यूठान जिल्लाका कुनै स्वास्थ्य संस्थामा जान चाहने जुनसुकै संघ/संस्था वा व्यक्तिलाई सजिलै संग भ्रमण गर्न चाहेको स्वास्थ्य संस्थाको अक्षाम्श र देशान्तर पत्ता लगाई नक्शा मार्फत स्वास्थ्य संस्था कहाँ पर्छ भन्ने सजिलै पत्ता लगाउन सहज हुनेछ।

**“बिहेबारी २० बर्ष पारी” केटा र केटीको उमेर २० बर्ष नपुगी गरिने जुनसुकै बिबाह दण्डनीय अपराध हो।**




## स्वास्थ्य चौकीहरुको न्यूनतम सेवा मापदण्ड सम्वन्धी समिक्षा तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न

स्वास्थ्य कार्यलय प्यूठानको आयोजनामा मितिः २०८१ असार महिनाको १८ र १९ गतेका दिन स्वास्थ्य कार्यालय प्यूठानको तालिमहलमा  न्यूनतम सेवा मापदण्ड सम्वन्धी समिक्षा तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो। कार्यक्रममा जिल्लामा रहेका नौ वटै स्थानीय तहको स्वास्थ्य शाखामा रही HPMSS (Health Post Minimum Service Standards) कार्यक्रममा हेर्ने फोकल पर्सन, सबै स्थानीय तहबाट HPMSS मा उत्कृष्ठ १/१ वटा र न्यून अंक रहेका १/१ वटा स्वास्थ्य संस्थाबाट सो कार्यक्रम हेर्ने फोकल पर्सनहरु र स्वाथ्य कार्यालयका कार्यक्रम फोकल पर्सनहरुको सहभागिता रहेको थियो। कार्यक्रममा स्वास्थ्य संस्थाहरुले आआफ्नो संस्थाको न्यूनतम सेवाको वारेमा प्रस्तुतिकरण गर्नुका साथै  संस्थाले स्वमूल्याङ्कन गर्दा स्कोर के कसरी राख्ने भन्ने वारेमा समेत छलफल गरी सहजिकरण र सिकाई तथा अनुभवहरु आदनप्रदान गरिएको थियो। छलफलको क्रममा स्वास्थ्य संस्थाहरुमा अन्य कुराहरुका अतिरिक्त भवन अभावले गर्दा सेव प्रवाहमा कठिनाई हुनुका कारण पनि HPMSS मा प्रभाव पारेको पाईएको बारेमा छलफल गरिनुका साथै स्थानीय स्तरबाट व्यवस्थापन गर्न सकिने सानो सानो सामग्रीहरु समेतको अभावले गर्दा समेत HPMSS मा न्यून अंक आउने गरेको वारेमा छलफल गरिएको थियो ।

## आपतकालिन अवस्थामा पोषण प्रतिकार्य तथा पुनर्लाभ सम्वन्धी क्षमता अभिबृद्धि तालिम सम्पन्न

स्वास्थ्य कार्यालय प्यूठानको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम वमोजिम स्वास्थ्य कार्यालय प्यूठानको आयोजनामा आपतकालिन अवस्थामा पोषण प्रतिकार्य तथा पुनर्लाभ सम्वन्धी क्षमता अभिबृद्धि तालिम कार्यक्रम मितिः २०८२ असार २५ देखि २७ गते सम्म स्वर्गद्वारी नगरपालिकाको सभाहलमा संचालन गरिएको थियो। कार्यक्रममा जिल्ला स्थित नौवटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख र पोषण फोकल पर्सन र स्वास्थ्य कार्यालय प्युठानका कार्यक्रम फोकल पर्सनहरुको सहभागिता रहेको थियो। क्रमश.....

कार्यक्रममा स्वर्गद्वारी नगरपालिकाका प्रमुख प्रशासकी अधिकृतको समेत सहभागिता रहेको थियो। कार्यक्रम फोकल पर्शन ज. स्वा. नि. राजु कुमार खड्का र बाहय प्रशिक्षक रामचन्द्र पन्थी लगाएतले आपतकालिन अवस्थामा पोषण प्रतिकार्य तथा पुनर्लाभ सम्वन्धी सहजिकरण गर्नुभएको थियो।





## स्तनपान परामर्शकर्ताका लागि तालिम कार्यक्रम सम्पन्न

स्वास्थ्य कार्यालय प्यूठानको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम वमोजिम स्वास्थ्य कार्यालय प्यूठानको आयोजनामा स्तनपान परामर्शकर्ताका लागि तालिम कार्यक्रम मितिः २०८२ असार १२ देखि १४ गते सम्म स्वास्थ्य कार्यालयको तालिम हलमा संचालन गरिएको थियो। कार्यक्रममा जिल्ला स्थित नौवटै स्थानीय तहमा रहेका १५ जना पहिला तालिम नलिएका नर्सिङ कर्मचारीहरुको सहभागिता रहेको थियो। कार्यक्रममा  स्वास्थ्य कार्यालय प्यूठानका कार्यक्रम फोकल राजु कुमार खड्का लगायतले सहजिकरण गर्नुभएको थियो।



**"बिहेबारी २० बर्ष पारी" केटा र केटीको उमेर २० बर्ष नपुगी गरिने जुनसुकै बिबाह दण्डनीय अपराध हो।**

# झाडापखाला, हैजा र डेँगीबाट बचौं

**अविरल भइरहेको वर्षाले झाडापखला, हैजा र डेंगीको खतरा बढेको छ । तसर्थ, झाडापखला र हैजाबाट बच्न:**

- सधैं पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई) मा ध्यान दिऔं
- बासी सढेगलेका खानेकुरा नखाऔं,
- खानालाई छोपेर राखौं,
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यान पुर्याऔं



**साथै खुल्ला रूपमा दिसापिसाब नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचि मिचि हात धोऔं ।**

**साथै एडीस जातका लामखुट्टेको (कालो-सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सर्ने डेंगी रोगबाट बच्न:**



- आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिऔं
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं,
- जुनसुकै बेला सुत्दा झुलको प्रयोग गरौं,
- पुरै शरिर ढाक्ने लुगा लगाउन र सचेत रहन अनुरोध गर्दछौं।

**साथै खाद्यान्न तथा खानेपानी वितरक सम्पुर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरुलाई सचेत रहन अनुरोध गर्दछौं ।**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## IMAM तालिम कार्यक्रम सम्पन्न

स्वास्थ्य कार्यालय प्यूठानको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम वमोजिम स्वास्थ्य कार्यालय प्यूठानको आयोजनामा कुपोषित बालबालिकाको उपचारको लागि स्थापना गरिएका जिल्लाका नौ वटै स्थानीय तहका स्वास्थ्य संस्थाहरु मध्येबाट बहिरङ्ग उपचार केन्द्र (OTC) मा कार्यरत स्वास्थ्यकर्मी हरुका लागि शिघ्र कुपोषणको एकीकृत व्यवस्थापन सम्वन्धी तालिम कार्यक्रम मितिः २०८२ असार १५ देखि १७ गते सम्म स्वास्थ्य कार्यालयको तालिम हलमा संचालन गरिएको थियो। उक्त कार्यक्रममा कार्यक्रम फोकल पर्शन ज. स्वा. नि. राजु कुमार खड्का, को. चे. नि. कोषल राज बैध लगाएतले IMAM को निर्दौशिकाको वारेमा सहजिकरण गर्नुभएको थियो।

## सम्पादकीय

स्वास्थ्य कार्यालय प्यूठानले आ व २०८०।८१ को सुरुवात सँगै सुरु गरेको जनस्वास्थ्य मासिक समाचारपत्रको २३ औं अंक प्रकाशन गर्न लागेको छ । असार महिनामा जिल्लामा भएका जनस्वास्थ्य गतिविधिहरु र स्वास्थ्य सम्बन्धी जानकारिहरु समेटिएको यो अंकले जनस्वास्थ्य सम्वन्धि मासिक गतिविधिहरु र आगामी दिनमा सन्चालन हुन गईरहेका स्वास्थ्य सम्वन्धी क्रियाकलापहरुको बारेमा र समग्र स्वास्थ्य कार्यालयबाट संञ्चालित कार्यक्रमहरुको सारसंक्षेप प्रस्तुत गरिएको छ । यस खवरपत्रिका लाई बिभिन्न क्षेत्रबाट प्राप्त सुझावको आधारमा क्रमिक रुपमा सुधार गर्दै लगिने छ। ।